मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

# मिति २०७९ माघ २० गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको आठौ वैठकका निर्णयहरु

## निर्णय नं. १

कार्यपालिकाको अघिल्लो वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका अधिकाँस निर्णयहरु प्राथमिकताका साथ कार्यान्वयनका प्रक्रियामा रहेको पाईयो ।

## निर्णय नं. २

चालु आव २०७९/८० को योजना कार्यान्वयनका लागि उपभोक्ता समितिद्वारा सञ्चालन हुने योजना योजना सम्झौता पुस मसान्तसम्म सम्पन्न गरीसक्ने गरी कार्यतालिका पारित गरिएकोमा कार्यतालिका बमोजिमको कार्य प्रभावित भएकोले योजना सम्झौताको अवधी अन्तिम पटकका लागि २०७९ फागुन १५ गतेसम्म कायम गर्ने गरी कार्यतालिका परिमार्जन गर्ने ।

## निर्णय नं. ३

मन्थली नगरको फोहर मैला व्यवस्थापनका लागि मनपा ७ र ८ को सिमानामा रहेको बडिमुहानमा फोहोरमैला प्रशोधन केन्द्र (ल्याण्डफिल्ड साइड) निर्माण गर्न डिपिआर गरिएकोमा उक्त स्थानमा फोहर मैला प्रशोधन केन्द्र स्थापना गर्न हवाई मैदानको मापदण्डको कारण नमिल्ने भनी सम्बन्धित निकायबाट जानकारी प्राप्त भएकाले फोहर मैला प्रशोधन केन्द्र निर्माणका लागि छिमेकी पालिकाहरुसँग समन्वय गरी स्थान छनौट गर्ने तथा मन्थली नगरपालिकाका अन्य वडाहरुमा समेत सम्भावित निर्माणस्थलको विकल्प खोजी गर्ने ।

## निर्णय नं. ४

विधेयक समितिबाट वैठकमा पेश भएको मन्थली नगरपालिकाको वालमैत्री स्थानीय शासन तथा वाल अधिकार संरक्षण सम्बन्धी कार्यविधि २०७७ माथिको पहिलो संशोधन २०७९ पारित गर्ने ।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

**निर्णय नं. ५**

मन्थली नगरपालिकाको प्रथम आवधिक योजनामा वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य लगायत सरोकारवालाहरुबाट प्राप्त पृष्ठपोषण समेटी पुस्तकको अद्यावधिक गरी प्रकाशन गर्ने ।

**निर्णय नं. ६**

मन्थली नगरपालिका वडा नं. ७ मा रहेको वडा कार्यालयको जग्गा र स्वास्थ्य संस्थाको जग्गा एकै स्थानमा रहेको र वडा नं. ७ को वडा कार्यालय भवन निर्माणमा ठेकेदार पक्षसँग सम्झौता भई कार्यदिश प्रदान भईसकेकाले वडा कार्यालय भवन र स्वास्थ्य संस्थाको भवन निर्माण कार्य गर्दा दुवै संस्थाको निर्माण कार्यलाई असर नपर्ने गरी समन्वयमा भवन निर्माण कार्य अगाडि बढाउने ।

**निर्णय नं. ७**

मन्थली नगरपालिका वडा नं. १ मा अवस्थित मन्थली अस्पताल यस जिल्लाका अन्य पालिका र वाहिरी जिल्ला दोलखा, ओखलढुँगा र सोलुखुम्बु जिल्लाको समेत सडकको सहज पहुँचमा रहेकोले सेवाग्राहीहरुको चाँप अत्याधिक वढ्दै गएको र यस अस्पतालमा CEONC लगायतका १९ भन्दा वढी सेवा सञ्चालनमा रहेकाले यस अस्पतालमा १५ शैय्याको अस्पताल सञ्चालनका लागि आवश्यक दरबन्दी उपलब्ध गराउन सामाजिक विकास मन्त्रालय वागमती प्रदेशमा अनुरोध गरी पठाउने ।

**निर्णय नं. ८**

सडक वोर्ड नेपालको साझेदारीमा भटौली, साठीमुरे, कल्लेरी सडक मनपा ७ को स्तरोन्नतीका लागि चालु आ.व. २०७९/८० मा जम्मा वजेट रु ४७ लाख प्राप्त भएकोमा उक्त वजेट वापतको नगरपालिकाको लागत सहभागिता वापतको रकम रु २० लाख १५ हजार रुपैया उपलब्ध गराउनु पर्नेमा नगरपालिकाबाट रु १५ लाख वजेट मात्र विनियोजन भएकोले नगरपालिकाबाट थप गर्नु पर्ने रु ५लाख १५

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

हजार रकम साझेदारी शिर्षकबाट खर्च गर्ने साथै उक्त रकमबाट भटौली, साठीमुरे, कल्लेरी क्रमागत सडकको स्तरोन्नतीको कार्यलाई निरन्तरता दिने ।

**निर्णय नं. ९**

मन्थलीको वजारको वजार व्यवस्थापन, फुटपाथ तथा पार्किङ्ग व्यवस्थापनका लागि नगरपालिकाका आर्थिक विकास समितिका संयोजक श्री नबराज थापा मगरको संयोजकत्वमा गठित समितिले नगरपालिकालाई हस्तान्तरण गरेको प्रतिवेदन कार्यान्वयनमा लैजाने ।

**निर्णय नं. १०**

भवन निर्माणको अनुमति लिई भवन अनुमतिको दुई वर्ष र म्याद थपको दुई वर्ष गरी जम्मा चार वर्ष व्यतित भई सो समय पछि निर्माण भएका भवनको निर्माण सम्पन्नता प्राप्तीका लागि नगरपालिकामा आवेदन प्राप्त भएकोले त्यस्ता घरहरुको आवेदनको प्रस्ताव राजश्व परामर्श समितिमा पेश गरी समितिमा भएको निर्णयको आधारमा आगामी कार्यपालिकाको वैठकमा छलफल गर्ने ।

२०७९।१०।२०

मुख्य प्रशासकीय अधिकृत